निर्णयहरु :

१. अघिल्लो वैठकमा भएका निर्णयहरु र सो सम्वन्धमा भएको कार्य प्रगतिवारे छलफल तथा समीक्षा गरियो । वैठकका निर्णयहरु कार्यान्वयन सन्तोषजनक रहेको पाइयो ।

२. २०८१ साल आश्विन १०, ११ र १२ गतेको अविरल वर्षाका कारण भएको विपदको क्षतिको विवरणहरु वडास्तरीय विपद व्यवस्थापन समितिवाट प्राथमिकीकरण गरी पठाउन वडाहरुमा मिति २०८१ कार्तिक २ गते परिपत्र भएकोमा अझै केही वडाहरुवाट विवरण आउन वाँकी रहेकोले २०८१ साल कार्तिक ३० गते भित्र विपदको असर प्राथमिकीकरण गरी पेश गर्न वडा कार्यालयहरुलाई निर्देशन दिने ।

३. यस चालु आ व २०८१/०८२ मा सडक वोर्ड नेपाल कार्यक्रम अन्तर्गत गत आ व को सञ्चालित आयोजनाको भुक्तानी समेत हुने गरी रु ५२,००,०००/ (वाउन्न लाख) प्राप्त भएको छ । नगरपालिकावाट जोड कोषका रुपमा रु २२,२८,६००/ ( बाइस लाख अठाइस हजार छ सय मात्र ) व्यवस्था गरी गत वर्षको आयोजनामा भुक्तानी गरी वाँकी रहने रकम रु २८,६७,८६४/ (अठाइस लाख सत्सठ्ठी हजार आठ सय चौसठ्ठी) वाट देहायका आयोजनाहरु सञ्चालन गर्ने ।

क) मन्थली (झ्यागुरे)- भलुवाजोर- हुलाक डाँडा (झ्यागुरे- भलुवाजोर सडक खण्ड)रु १४,००,०००/ ( चौध लाख)

ख) मन्थली (डिहीं)- कठजोर-धोवी सडक (डिही- कठजोर खण्ड) रु १०,२८,८६४/ (दश लाख अठाइस हजार छ सय)

ग) मन्थली ( सालुपाटी)- कुकुरकाटे भञ्ज्याङग- रातमाटा- शिरिसे सडक (सालुपाटी- कुकुरकाटे भञ्ज्याङग खण्ड) रु ४,००,०००/ ( चार लाख)

४. यस नगरपालिकाको पर्यटन प्रवर्द्धनका लागि पर्यटन व्यवसायी संघ (TAAN) संस्था एवं अन्य सरोकारवाला निकायहरुलाई अध्ययन अवलोकन गर्न देहायानुसारको रुट (मार्ग) निर्धारण गर्ने ।

क. मन्थली सेलेघाट- तिल्केस्थान गढी- पुष्पलाल पार्क (भङ्गेरी)- थानापति महादेव मन्दिर (सुनारपानी)- ध्याप्चे पहिरो सालु गैराथोक- शारदादेवी ऐराम्वास- धोवी ।

ख. नर्मदेश्वर मन्दिर (गाइखुरा)- भिमसेन मन्दिर (चिसापानी)- चिसापानी गढी- गुम्वा (पुरानागाँउ)- थानापति वैरामहादेव मन्दिर (वाहुनचुरा पुरानागाँउ)- भोटनागी (चियावगान) - पोखरी वजार (फुलासी) - विभिन्न गुम्वाहरु (फुलासी)- फुलासी गुफाभिर- गजपानी (गेलु) - गुम्वा (काउले गेलु)- खाँडादेवी मन्दिर गेलु ।

ग. ढिकुरे मन्दिर (नुगीटार)- तिनलाल पार्क (मन्थली)- मङ्गलादेवी मन्दिर- कृष्णलाल पार्क (कठजोर) - निलकण्ठेश्वर मन्दिर/वागधारा ।

५. यस नगरपालिकाको माग वमोजिम प्रदेश लोक सेवा आयोग वागमती प्रदेश हेटौडा नेपालवाट मिति २०८१/७/५ को सिफारिस पत्र अनुसार विज्ञापन नं. ७६/०८०-८१ (महिला) स्थानीय सेवा तर्फ, सातौं तह (प्राविधिक), इन्जिनियर सेवा, सिभिल समूह इन्जिनियर वेनी नगरपालिका ९ म्याग्दीका श्री सदिक्षा खत्रीलाई नगरपालिका कार्यालयको मिति २०८१/७/८ को निर्णयानुसार नियुक्ति तथा पदस्थापना (वागमती प्रदेश सरकारको स्थानीय सेवा ऐन २०७९ को दफा ६७ कौ व्यवस्था वमोजिम) लाई समर्थन गर्ने ।

६. नगरपालिका भित्र सञ्चालन हुने रु. २५,००,०००( पच्चीस लाख) भन्दा माथि लागत भएका आयोजनाहरु वोलपत्रको माध्यमवाट सञ्चालन गर्ने ।

७. यस नगरपालिका वडा न १० पाथरवुट्टाको सडक सुधार गर्न र चापाँगाई टोलमा क्रमशः लागत अनुमान र प्राविधिक मूल्याङ्कनका आधारमा खर्च गर्न रु ३,००,०००/ (तीन लाख) र रु ५०,०००/ ( पचास हजार) विनियोजन गर्ने ।

८. यस नगरपालिका वडा न ९ पुरानागाँउमा सञ्चालित ढाका वुनाई तालिममा सहभागी भएकाहरुलाई ढाका वुनाई व्यवसाय सञ्चालन गर्न आवश्यक ७ (सात) वटा तानहरुको व्यवस्थापन गर्न रु १,५०,०००/ (एक लाख पचास हजार) उपलव्ध गराउने ।

९. सार्वजनिक जग्गा अतिक्रमण नियन्त्रणका लागि वडाहरुमा परिपत्र भएको र स्थानीय सञ्चार माध्यमहरुवाट समेत जानकारी गराइ सकेकोमा पूर्णरुपमा कार्यान्वयन हुन वाँकी रहेकोले सवै वडा तहको वस्ती स्तरमा माइकिङ्ग गर्ने व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने ।

१०. यस नगरपालिको वडा न ३ मा अवस्थित श्री महादेव आ वि ठाँटीले उपयोग गरेको जग्गा स्थापना काल देखि रुची एव भोग चलन गर्दै आएको श्री कागुने पाखा सामुदायिक वन उपभोक्ता समूह ठाँटी, श्री महादेव आ वि ठाँटी र ३ न वडा कार्यालयवाट समेत सिफारिस भइ आएकोले सो सम्वन्धी व्यहोरा वागमती प्रदेश सामाजिक विकास मन्त्रालय, सामाजिक विकास कार्यालय धुलिखेलमा सिफारिस गर्ने ।

११. यस मन्थली नगरपालिका वडा न १ भैसेश्वरमा अवस्थित वृद्धा आश्रमको भवनमा कोठा एव हल निर्माणका लागि दुईवटा कोठाको इंटाको गाह्रो, झ्याल ढोका सहितको प्राविधिक लागत ईष्टिमेटका आधारमा शिवशक्ति कल्याणी साहरा आश्रमलाई आर्थिक सहयोग गर्ने ।

१२. यस नगरपालिका भित्रका साना कृषकहरुको वित्तीय पहुँचमा वृद्धि गरी व्यवसायीकरण गर्न कृषिजन्य सामग्री खरिद र प्रयोगका लागि खेती भेञ्चर प्रा लि ललितपुरवाट सहुलियत दरमा कृषकहरुलाई उपलब्ध गराउन एन एम वी वैंक खेती कर्जा सम्वन्धी कार्यक्रम सञ्चालन गर्न उक्त वैंक सँग सम्झौता तथा कार्यक्रम कार्यान्वयन सम्वन्धी प्रक्रिया अगाडि वढाउने ।

१३. यस नगरपालिका भित्र विभिन्न कार्यक्रमहरु साझेदारीरुपमा सञ्चालन गर्न देहायका संघ/संस्थाहरुवाट प्रस्तावहरु पेस भएको छ ।

क) रामेछाप उद्योग वाणिज्य संघ

ख) माझकुलो मर्मत सम्भार मन्थली १

१४ यस नगरपालिकामा प्रदेश सरकारवाट हस्तान्तरित कार्यक्रम अन्तर्गतको एघारविसे जखनिटार गाइखुरा हुदै मुगिटार सिचाँई वडा न ७, ८ र ११ को एघारविसे खण्डवाट कार्यक्रम सुरु गर्ने ।

१५. यस नगरपालिकाको आन्तरिक एवं वाहय पर्यटन प्रवर्द्धनका लागि पूर्वाधार निर्माण लगायतका कार्यक्रमहरु प्रस्ताव गर्नका लागि रसियन राजदुतवासमा अनुरोध गर्ने प्रयोजनका लागि यही २०८१ मंसिर ४ गते हुने नेपालका लागि महामहिम राजदुतको

भ्रमणको क्रममा नगरका सम्भावित पर्यटकीय स्थलहरु जानकारी गराउने कार्यक्रममा सवै कार्यपालिका सदस्यहरु उपस्थिति हुने ।

१६. यस नगरपालिकाको वडा न ६ सैलेघाट खुर्कोटमा अवस्थित मोटरयवल पक्की पुल यही २०८१ आश्विन १०, ११ र १२ गते आएको अविरल वर्षाको विनासकारी वाढीले वगाए पश्चात तत्कालका लागि निर्माण भएको वेलिव्रिज पुलको सन्दर्भ संलग्न सरोकारवालाहरुलाई आयोजित धन्यवाद ज्ञापन कार्यक्रम सम्पन्न भएको र वेलिवृज पुल निर्माणको क्रममा भएको खर्चको सम्वन्धमा गोलोन्जोर गाँउपालिकावाट खर्च साझेदारीको लागि प्रस्ताव आएकोले खर्चको औचित्य र आवश्यकताको आधारमा उपलब्ध गराउने ।

१७. नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रलयबाट स्वीकृत दरवन्दी चार्ट र यस नगरपालिकाको दशौं नगरसभावाट स्वीकृत कर्मचारी संगठन संरचना भित्र रहेको रिक्त सामान्य प्रशासन समूहको सातौं तहको अधिकृत स्तरको पदमा पदपूर्तिका लागि वागमती प्रदेश लोक सेवा आयोगमा माग गर्ने ।

१८. यस पालिकामा रहेको व्याकलोडरमा प्रयोग गरिने नाला सफा गर्ने बकेट अन्य संघ संस्था वा व्यक्तिले प्रयोग गर्दा निम्नानुसारको भाडा दर निर्धारण गरी आगामी सभावाट अनुमोदन गर्ने ।

क) नगर क्षेत्र भित्र प्रति दिन रु १,५०० ( एक हजार पाँच सय मात्र )

ख) नगर क्षेत्र वाहिर प्रति दिन रु २,००० (दुई हजार मात्र)

१९. यस नगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरुमा दिवा आवसीय कार्यक्रम सञ्चालन गर्न कार्यविधि निर्माण गर्न सैद्धान्तिक सहमति दिने ।

२०. यस नगरपालिकाको स्थापना दिवस मंसिर १६ गते विभिन्न कार्यक्रम सहित मनाउने ।

२१. वागमती प्रदेश सामाजिक विकास मन्त्रालय अन्तर्गतका स्थानीय तहमा सञ्चालन हुने गृहिनी महिला सशक्तीकरण कार्यक्रम कार्यान्वयनका लागि मन्त्रालयमा प्रस्ताव पेश गर्ने र उक्त कार्यक्रमका लागि मन्त्रालयवाट स्वीकृत हुने वजेटको कम्तिममा १५ देखि ३० प्रतिशतसम्म नगरपालिकावाट वजेट साझेदारी गर्ने ।

CamScanner

२२. यस नगरपालिकाको आ.व. २०८१/८२ मा अनिवार्य तथा निःशुल्क शिक्षा लागु भएको वडा घोषणा हुदै नगर घोषणा गर्ने वार्षिक नीति तथा कार्यक्रम अनुसार अनिवार्य तथा निःशुल्क शिक्षा लागु भएको पालिका घोषणा कार्यक्रमका लागि प्रतिवद्धता सहित शिक्षा विकास निर्देशनालय, हेटौंडाको प्रकाशित सूचना वमोजिम प्रस्ताव पेश गर्ने ।

[signature]

२०८१/०८/२६